आदिवासीद्वारा सञ्चालित रेडियो स्टेसनहरूका लागि कोरोना भाईरस अर्थात् कोभिड-१९ महामारीको विपद् रोकथामसम्बन्धी पुस्तिका

Cultural Survival

# नेपाली



विश्वभर आदिवासी समुदायहरूले कोरोना भाइरस अर्थात् कोभिड १९ महामारीको अभुतपूर्व चुनौति सामना गर्नुपरिरहेको छ । कल्चरल सर्भाइभलले सामुदायिक रेडियो र सञ्जालहरूमार्फत् यो महामारीबाट समुदायमा उत्पन्न सङ्कटबाट बचाउन र महामारीमा कसरी व्यवहार गर्ने भनेर समुदायलाई सहयोग गर्ने काम गरिरहेको छ । समुदायका सदस्यहरूले महामारीमा कस्तो व्यवहार गर्ने र महामारीबाट कसरी बच्ने भन्ने जस्ता जीवनरक्षा सम्बन्धी स्वास्थ्य सूचना दिन, उनीहरूले बोल्ने र बुझ्ने भाषामा सूचना प्रवाह गरी समाजमा परिवर्तन ल्याउन सामुदायिक रेडियोले धेरै ठूलो भूमिक खेल्ने गर्दछ। सामुदायिक रेडियो आदिवासी समुदायको लागि उनीहरूको आत्मनिर्णयको अधिकार, अभिव्यक्ति स्वतन्त्रताको हकअधिकार, समुदायको लागि सान्दर्भिक, उपयोगी र महत्त्वपूर्ण सूचना र जानकारीहरू प्रवाह गर्नको लागि एकदमै शक्तिशाली माध्यम हो । ज्ञान नै शक्ति हो । आदिवासी समुदायहरू सामुदायिक रेडियोबाट प्राप्त सूचनामार्फत् शसक्त भैरहेका छन् ।

**गलिना अन्गारोभा**
**कार्यकारी निर्देशक**
**कल्चरल सर्भाइभल**



## उद्देश्य

यो पुस्तिकाको मुख्य उद्देश्य
आदिवासी सञ्चारकर्मीहरूलाई
कोरोना भाईरस अर्थात् कोभिड–१९ महामारीको
प्रभावलाई सम्बोधन र सामना गर्न
सहयोग पुऱ्याउनु हो ।

## लक्षित समूह

यो कोरोना भाईरस अर्थात् कोभिड–१९
महामारी वा विपद्मा विश्वका आदिवासीद्वारा सञ्चालित
रेडियो स्टेसनमा कार्यरत रेडियोकर्मी, आदिवासी
सञ्चारकर्मी र प्रसारकहरू कसरी सुरक्षित
हुने भन्ने विषयमा केन्द्रित
स्रोत पुस्तिका हो ।

## पृष्ठभूमि

विश्व मानव जगत अहिले कोरोना भाईरस अर्थात् कोभिड–१९ को प्रकोपमा छ । यो भाइरसको बारेमा स्वस्थ्य विशेषज्ञहरू अहिलेसम्म पनि अनभिज्ञ छन् । यो भाइरस विश्वभर नै महामारीको रुपमा फैलिएको छ । कोरोना भाइरसले संसारभर लाखौँ मानिसको ज्यान लिइसकेको छ । विश्वको अर्थतन्त्र तहसनहस पार्दै लगेको छ । यो अवस्थालाई हामीले विश्वका आदिवासी समुदायहरूमाथि पर्न सक्ने जोखिम न्युनिकरण गर्दै उनीहरूको शसक्तिकरण गर्ने अवसरको रूपमा लिएका छौँ ।

जोखिमको कुरा गर्दा, हामी विशेषगरी आदिवासी जनजातिहरूमा स्वास्थ्य सेवा, औषधी, स्वच्छ पानीमा पहुँच नभएको साथै आदिवासी जनजातिहरूले बुझ्ने भाषामा कोरोना भाइरस अर्थात् कोभिड–१९ महामारीबारेमा सही र उचित जानकारीको अभाव भएको छ । सवल पक्षको कुरा गर्दा, आदिवासीहरूको आफ्नै मूल्य र मान्यता छन् । आफ्नै परम्परागत खाद्य प्रणाली, परम्पारागत औषधीसम्बन्धी पूर्ख्यौली ज्ञानको भण्डार छ । उनीहरू संगठित छन् ।

यो महामारीको अवस्थामा आदिवासीद्वारा सञ्चालित सञ्चारमाध्यमहरूले महत्त्वपुर्ण भूमिका खेलिरहेका छन् । यस विश्वव्यापी आपत्कालको बेला सूचनाहरूमा एकरुपता, सत्यता, जवाफदेही तवरमा आदिवासी जनजातिहरूले बुझ्ने भाषामा उपलब्ध गर्न र गराउन जरुरी छ । त्यसैले, कोरोना भाईरसको विपदको अवस्थामा आदिवासी समुदायको सुरक्षाका लागि कल्चरल सर्भाइभलले आदिवासी सञ्चारकर्मीको भुमिका र उनीहरूको सुरक्षालाई महत्त्वपुर्ण ठानी यो पुस्तिका तयार गरेको हो ।

यो पुस्तिकाको दुइ खण्डहरू छन् । पहिलो खण्डमा कोभिड–१९ महामारी रोकथाममा रेडियोकर्मीको भुमिका, सुरक्षा र अपनाउनुपर्ने सावधानीहरूमा केन्द्रित छ । दोस्रो खण्डमा आदिवासी जनजातिलाई जिम्मेवार भई महामारी सम्बन्धी विश्वासनीय र सही जानकारीयुक्त सामाग्रीहरू उत्पादन र सम्प्रेषणको विषयमा केन्द्रित छ ।

## रेडियोकर्मी र स्वयंसेवकहरू

१.१ सुरक्षित हुनु रेडियोकर्मीहरूको पहिलो काम हो ।

- रेडियोमा संलग्न सबैजनो सुरक्षित हुने योजना निर्माण : विश्व स्वास्थ्य संगठन, केन्द्रीय र स्थानीय सरकार र स्वास्थ्यकर्मीहरूले दिएका सुझावलाई ध्यानमा राख्दै तपाईहरूले रेडियोमा संलग्न सबैजनालाई आफ्नो टिमको रुपमा सुरक्षित रहने योजना बनाउन आवश्यक छ ।
- सञ्चारकर्मीको रूपमा आफ्नो पहिचान दिनुहोस् : महामारीमा आवतजावतका लागि सरकारद्वारा लगाइएको प्रतिबन्ध र नियमहरूका कारण आइपर्न सक्ने समस्याबाट बच्न र बिना रोकावट सञ्चारकर्म गर्नको लागि स्थानीय सुरक्षाकर्मी र निकायबाट आवश्यकता अनुसार अगावै अनुमति प्राप्त गर्नुहोस् । सञ्चार गृह वा स्टुडियो भित्र र बाहिर आवश्यक पर्ने अनुमति प्राप्त गर्नुहोस् ।
- सबैभन्दा जोखिमयुक्त क्षेत्रमा कार्य गर्न खटाउने क्रममा समूहका सदस्यहरूलाई उचित तवरले परिचालन गर्नुहोस् : समूहमा पाका उमेरका र वा स्वास्थ्य अवस्था कमजोर भएका वा दीर्घरोगीहरू भएमा उनीहरूको अवस्थालाई ध्यान दिएर उनीहरूलाई घरैबाट गर्न सकिने खालका विभिन्न कामहरूमा लगाउनुहोस् ।
- जोखिमको विश्लेषण गर्नुहोस् : यदि तपाई स्थानीय समुदायमा काम गर्न जादै हुनुहुन्छ भने स्थानीय सम्बन्धित अधिकारी र समुदायका अगुवाहरूले अपनाएका उपाय र नियमहरूको पालना गर्नुहोस् । यो तपाईको सुरक्षित रहने पहिलो उपाय हो ।
- काम गर्ने स्थल र कार्यालय सँधै सफा राख्नुहोस् : कार्यालयका हरेक कक्षहरू किटाणुनाशक झोल, सेनिटाइजरले बारम्बार सफा गर्नुहोस् ।
- माइक्रोफोनमा हावा छेक्ने प्रविधि वा स्पन्ज प्रयोग गर्नुहोस् : यी उपकरणहरू संक्रमण सर्न सक्ने माध्यम हुन् । त्यसैले तिनको प्रयोग गरेपछि, हरेकपटक माइक्रोफोनको स्पन्ज परिवर्तन गर्नुहोस् । आफ्नो र समूहको सुरक्षाका लागि जिम्मेवार बन्नुहोस् ।
- अन्र्तवार्ता सम्पन्न गरेपश्चात् प्रयोग गरिएका उपकरणहरू किटाणुरहित पार्नुहोस् : तपाईले किटाणुनाशक औषधी भएको कपडाको प्रयोग गर्न सक्नुहुन्छ । तपाईले किटानुनाशक सेनिटाइजर औषधी पसलमा किन्न सक्नुहुन्छ । उपकरणहरू क्लोरिनले सफा नगर्नुहोस् । क्लोरिनको प्रयोगले उपकरण बिगार्न सक्छ ।
- रेडियोमा दुईजना भन्दा बढी व्यक्तिहरू नल्याउनुहोस् : दुईजना भन्दा बढी व्यक्ति नल्याई नहुने अवस्थामा मात्रै ल्याउनुहोस् । हरेक व्यक्तिबीच अनिवार्य सामाजिक दुरी कायम गरी र मास्कको प्रयोग गरेर मात्र स्टुडियो वा कार्य कक्षमा भित्र्याउनुहोस् ।
- रेकर्डिङ स्टुडियोमा कार्यक्रम उत्पादन नगरी अनलाईनको माध्यमबाट कार्यक्रम उत्पादन गर्नुहोस्: रेडियोको सम्बन्धित संयोजकसँग छलफल गरी अनलाईनको माध्यमबाट कार्यक्रम उत्पादन र प्रशारण गर्ने व्यवस्था गर्नुहोस् । यदि तपाईसँग अनलाईनबाट कार्यक्रम उत्पादन र प्रसारण गर्ने स्रोत साधन नभएमा टेलिफोनबाटै भएपनि कार्यक्रम प्रशारण गर्ने वैकल्पिक उपाय अपनाउनुहोस् । तल दिइएको लिंकमा निःशुल्क रेडियो प्रशारण अर्थात् स्ट्रिमिङका लागि केही विकल्प उपलब्ध छन् : www.giss.tv

तपाईँ स्थानीय समुदायमा काम गर्न जादैं हुनुहुन्छ भने स्थानीय सम्बन्धित अधिकारी र समुदायका अगुवाहरुले अपनाएका उपाय र नियमहरुको पालना गर्नुहोस् ।




दोस्रो भाग

## २.१ कार्यक्रमको सामाग्री उत्पादनको तयारी

**यो भागमा, आदिवासी सञ्चारकर्मीहरूलाई जिम्मेवार भई सञ्चारकर्ममा लागनका लागि विश्व स्वास्थ्य संगठन र स्वास्थ्यसम्बन्धी विशेष वेवसाईटले कोरोना भाइरस वा कोभिड–१९ महामारी निर्देशनहरूलाई सारांशमा प्रस्तुत गर्दछौं।**

- ☞ अपुष्ट र गलत समाचारहरूलाई बेवस्ता गर्नुहोस् । विश्व स्वास्थ्य संगठनले गलत सूचना र जानकारी विभिन्न सञ्चारमाध्यम र अन्य तरिकाबाट प्रचारप्रसार गर्नुलाई 'इन्फोपेमिक' शब्दले व्याख्या गर्ने गरेको छ । गलत सूचना र गलत जानकारीले जनमानसमा दुविधा सृजना गर्दछ । गलत निर्णय लिन बाध्य गराउँदछ । यस्ले सबैजनालाई अहित गर्दछ । त्यसैले सनसनीपुर्ण र अपुष्ट समाचारलाई बेवस्ता गर्नुहोस ।
- ☞ महामारी र रोगको बारेमा विश्व स्वास्थ्य संगठनले दिएको सुझाव, आधिकारिक र वैज्ञानिक तथ्याङ्कहरूमा केन्द्रित ध्यान दिनुहोस् । याद गर्नुहोस्, तपाई यस विषयमा न विशेषज्ञ हुनुहुन्छ, न त बैज्ञानिक । त्यसैले जनस्वास्थ्य विज्ञ, सरुवा रोग विषेशज्ञ, नर्सहरू, भ्याक्सिन बनाउने विज्ञहरू लगायत महामारीका स्वास्थ्यकर्मीहरूको अनुसन्धानले यो महामारी र यस्को बैज्ञानिक पक्षहरूबारेमा बताउन सक्दछन् ।
- ☞ आदिवासीको ज्ञानमा आधारित परम्परागत औषधी र अभ्यासहरूलाई प्रर्बद्धन गर्नुहोस् । आदिवासी जनजातिहरूसँग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्ने परम्परागत खाना, जडिबुटी र औषधीबार ज्ञान छ । त्यसैले आदिवासी समुदायका त्यस्ता स्वास्थ्यकर्मी एवं त्यसबारेका जानकार व्यक्तिहरूसँग परम्परागत औषधी र तिनको प्रयोगबारे अन्र्तवार्ता लिनुहोस् ।
- ☞ तपाईको आफ्नो समुदायले बुझ्ने भाषामा र देशका सबैले बुझ्ने राष्ट्रिय भाषामा सूचनाहरू प्रशारण गर्नुहोस् । सूचनालाई सान्दर्भिक बनाउनुहोस् । आदिवासी जनजातिहरूको मातृभाषामा उनीहरूले राम्रो र सजिलोसँग बुझ्ने गरी, समुदायको ज्ञान बढ्ने र उनीहरूको हित हुने खालका सूचनाहरू प्रशारण गर्नुहोस् । मातृभाषा बोल्न सक्ने कोही व्यक्ति छैनन् भने, मातृभाषा बोल्न सक्ने व्यक्ति खोज्नुहोस् । र, समुदायमा बोलिने भाषामा नै सूचना प्रवाह गर्नुहोस् । स्थानीय तहमा प्रचारप्रसारका लागि धेरै सूचना र जानकारीहरू उत्पादन भएका हुनसक्छन् । तिनलाई पनि प्रचारप्रसार गर्नुहोस् । यस पुस्तिकाको अन्त्यमा तपाईलाई महामारीसम्बन्धी विश्वासनीय जानकारीका लागि वेवसाईट र लिंकहरू राखिएका छन् ।
- ☞ सामाजिक कलंकबाट जोगिनुहोस् । भाइरसको उत्पत्तिको आधारमा, धेरै सञ्चारमाध्यमहरूले यसलाई 'चाइनिज भाईरस' भनेर व्याख्या गरेका छन् । यसले एसियालीहरूलाई हानी पुर्‍याएको छ । जातिवाद र नश्लवादलाई विश्वभर फैलाउन सघाएको छ । धेरै क्षेत्रहरूमा वैदेशिक रोजगारबाट स्वदेश फर्केका अप्राबासीहरू माथी आक्रमण र भेदभाव गर्ने गरिएको छ । त्यसकारण भाषाको छनोट र प्रयोगमा एकदमै ध्यान पुर्‍याउनुहोस् । कुनै व्यक्तिको राष्ट्रियता, खानाको प्राथमिकता, आप्रावसनको अवस्था र स्वास्थ्यको अवस्थालाई किटान गरेर सम्बोधन गर्ने नगर्नुहोस् वा त्यस्ता विशेषणहरूको प्रयोग नगर्नुहोस् ।
- ☞ मानवअधिकार सम्बन्धी जनचेतनामूलक अभियानको सृजना गर्नुहोस् । कोभिड–१९ महामारीको अवस्थामा आप्रवासी र निर्वासनमा परेका व्यक्ति, बिरामी र उनीहरूको परिवार र स्वास्थ व्यक्तिहरूलाई समेत हुन सक्ने आक्रमणबाट बचाउन मानवअधिकार सम्बन्धी अभियानको सृजना गर्नुहोस् । आपतकालिन सञ्चारको लागि समय छुटाउनुहोस् । रेडियोमा पनि मानव अधिकार उल्लंघनसम्बन्धी प्रचारप्रसार गर्नका लागि समय र क्षेत्र छुट्टाउनुहोस् ।





6

## कोरोना भाइरस र भविष्यमा आउन सक्ने अन्य महामारीबाट आउन सक्ने खाद्य संकटबाट सुरक्षित हुन, मातृभुमि र जीवन जोगाउनको लागि बालीनाली लगाउन र रुख विरुवा रोप्न प्रोत्साहन गर्नुहोस् ।



- महामारीमा जादुमय उपचार भन्ने जस्ता आधार बिनाका सामाग्रीहरू प्रकाशन नगर्नुहोस् । यदि कसैले एक चमत्कारिक औषधीको बारेमा र रोगलाई निको पार्ने ग्यारेन्टीको साथ बोल्दछ भने, पत्रकार र सञ्चारकर्मीले त्यसमाथि प्रश्न गर्नुपर्दछ । त्यस्तो खालको भ्रामक जानकारी र प्राकृतिक एवं परम्परागत ओखतीमूलो र औषधीबीचको भिन्नता छुट्याउनुपर्दछ ।
- मानव अस्तित्वको सिद्धान्तको आधारमा प्रचारप्रसार गर्नुहोस् । यदि कोही व्यक्ति संक्रमित भयो वा कोभिड–१९ को संक्रममा परि मृत्यु भएको छ भने, त्यो व्यक्ति र व्यक्तिको परिवारले भोग्नुपरेको समस्या र पीडाको सम्मान गर्नुहोस् । समभाव राख्नुहोस् । संवेदनशील भएर नबिभ्नेगरी प्रश्न सोध्नुहोस् । प्रश्न गर्दा पीडितको ठाउँमा आफैलाई राखेर हेर्नुहोस् ।
- समुदायमा भएको सूचनालाई प्रचारप्रसार गर्नुहोस् । समुदायमा पनि सूचनाको लागि आधिकारिक व्यक्तिको पहिचान गर्नुहोस् । महामारी रोकथामका लागि लिएका उपायका बारेमा राष्ट्रिय, क्षेत्रिय र सामुदायिक तहमा सम्पर्क राख्नुहोस् र प्रचार गर्नुहोस् । तत्कालीन समयमा कुन र के कस्ता कामकाजहरू गर्नमा बन्देज लगाइए, के कस्ता क्रियाकलापहरू रद्द गरिए भन्ने बारेमा समेत छलफल तथा टिप्पणी गर्नुहोस् ।
- याद राख्नुहोस, रेडियो संक्रमणको जोखिममा रहेका मानसहरूका लागि परिक्षणको महत्व बुझाउन र संक्रमणको लक्षण देखा परेका संक्रमित व्यक्तिहरूलाई सूचित गर्ने एक माध्यम हो । संक्रमणबाट बच्नको लागि परिक्षण गर्न आवश्यक छ ।

### २.२ समुदायको मुल्य मान्यतालाई बढावा दिनुहोस्

- बन्दाबन्दीमा रहदा सहअस्तित्वको भावना प्रर्बद्धन गर्नुहोस् । परिवारिक गतिविधि र घरका कामहरू विभाजन गर्ने बारेमा सुझाव दिनुहोस् । मौखिक एवं श्रुति परम्पराको प्रचारप्रसार गर्नुहोस् । महामारीले पार्न सक्ने मानसिक असर र प्रभावलाई कम गर्ने अन्य गतिविधिहरूलाई प्रर्बद्धन गर्नुहोस् ।
- युवा र बालबालिकाहरूलाई विद्यालय बन्द भएको कारण परेको असरलाई कम गर्ने र उनीहरूलाई शिक्षा दिने खालका नयाँ ढाँचा र शैलीका रेडियो कार्यक्रमहरू उत्पादन गर्नुहोस् ।
- युवा तथा बालबालिकाहरूलाई रेडियोको भरपूर प्रयोग गर्न र रेडियोको माध्यमबाट नयाँ नयाँ कुराहरू सिक्न प्रोत्साहन गर्नको लागि शिक्षा अधिकारीहरूलाई निम्त्याउनुस् ।
- केही स्थानमा लकडाउनको प्रतिबन्ध हटाउनु भनेको कोभिड–१९ महामारी अन्त्य भएको होइन भनेर सबैलाई सूचित गर्नुहोस् । स्वास्थ्यकर्मीहरूले दिनुभएको सुझाबहरूलाई पालना गर्न अनुरोध गर्नुहोस् ।
- समुदायलाई रेडियोबाट खुशी बनाउनुहोस् । खुशी र रमाइला गीत र संगीतहरू बजाउनुहोस् । महामारीको बखत स्रोतालाई भरपूर मनोरञ्जन दिनुहोस् । त्यसैगरी संकटको विचमा पनि सकारात्मक पक्षहरूको खोजि गरि केही क्षणको लागि भएपनि श्रोताहरू डर र त्रासबाट मुक्त हुन मद्दत गर्नुहोस् ।
- सिमा, बजार र सार्वजानिक यातयात बन्द भएकोले खाद्य संकटलाई कम गर्न समुदायमा आपसी सरसहयोग गर्न र गराउन र आफुसँग भएको खानेकुरा बाँडीचुडी खान प्रोत्साहन गर्नुहोस् ।
- कोरोना भाइरस र भविष्यमा आउन सक्ने अन्य महामारीबाट आउन सक्ने खाद्य संकटबाट सुरक्षित हुन, मातृभुमि र जीवन जोगाउनको लागि बालीनाली लगाउन र रुख विरुवा रोप्न प्रोत्साहन गर्नुहोस् । परिवारका सवै सदस्यहरूलाई सानै भएपनि बगैचा

बनाउन सुझाब दिनुहोस् । रैथाने र स्थानीय बिउ विजनहरू रोप्न प्रोत्साहन गर्नुहोस् ।

☞ समुदायमा आपासी सरसहयोग गर्ने र गराउने, ऐक्यवद्धता निर्माण गर्ने र जुनसुकै संकटलाई परास्त गर्ने पक्षलाई प्रोत्साहन गर्नुहोस् ।

☞ समुदायलाई स्वास्थ रहने उपायहरूलाई संवेशीलताका साथ अपनाउन सुझाब दिनुहोस् । पैसाको लेनदेन पनि संक्रमणको सम्भावित माध्यम हुन सक्दछ । संक्रमण सर्नसक्ने यि र यस्ता खालका विषयमा पनि संवेदनशील हुन समुदायलाई सम्झाउनुहोस् ।

☞ हाम्रो शरीरको प्रतिरोधात्मक क्षमता अभिबृद्धि गर्ने खालको खाना खान प्रोत्साहन गर्ने र आदिवासीको परम्परागत खानाको परिकारसम्बन्धी रेडियो कार्यक्रमहरू उत्पादन गरी प्रशारण गर्नुहोस् । आदिवासीहरूको परम्परागत खानाले शरीरलाई चाहिने आवश्यक पोषणहरू प्रदान गर्दछन् । परम्परागत खाना खानले दिर्घायु हुन मद्दत पुग्ने कुरा हाम्रा अग्रजहरूलाई हेरेर पनि थाहा हुन्छ । ००

---

शरीरको प्रतिरोधात्मक क्षमता अभिबृद्धि गर्ने खालको खाना खान प्रोत्साहन गर्ने र आदिवासीको परम्परागत खानाको परिकारसम्बन्धी रेडियो कार्यक्रमहरु उत्पादन गरी प्रसारण गर्नुहोस् । आदिवासीहरूको परम्परागत खानाले शरीरलाई चाहिने आवश्यक पोषणहरु प्रदान गर्दछन् ।




**२.३. वेवसाईटहरू**

कोभिड–१९ सम्बन्धी आदिवासीहरूको भाषामा तयार पारिएको कार्यक्रमहरू कल्चरल सर्भाइभलको इन्डिजिनियस राईट्स रेडियोको वेवसाईटमा उपलब्ध छन् ।

Cultural Survival : https://rights.culturalsurvival.org/radio-spots-search/field_radio_series/COVID-19-85/language/en/language/und

कोभिड–१९ सम्बन्धी विश्वासनीय जानकारी विश्व स्वास्थ्य संगठन वेवसाईटमा उपलब्ध छ ।

World Health Organization https://www.who.int/es

कोभिड–१९ सम्बन्धी विशेष सामाग्रीहरू पत्रकारहरूको अन्तर्राष्ट्रिय सञ्जालमा पनि उपलब्ध छन् ।

International Journalists' Network: https://ijnet.org/en

खोज पत्रकारहरूको विश्व संञ्जालको वेवसाईटमा पनि हेर्न सक्नु हुनेछ ।

Global Investigative Journalism Network: https://gijn.org/gijn-en-espanol/

**अनुवाद** : देवकुमार सुनुवार / **साजसज्जा** : लक्ष्मण सुनुवार



हस्पीटल
पार्टी
बैठक
धेरै
सुपरमार्केट
मध्यम
बजार
न्यून
यातायात
बाटो
केही नभएको

Cultural Survival

2067 Massachusetts Avenue
Cambridge, MA 02140
(617) 441-5400
www.culturalsurvival.org

